# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan








वर्ष १८, अंक ६, २०८१ फागुन १-१५

Vol. 18, No. 6, February 16-28, 2025


# चामल अभावको विकल्पमा स्वास्थ्यवर्द्धक गहुँको चामल बजारमा




❑ **नेस डेस्क**

टोकियो - जापानमा चामलको अभावका कारण महंगी बढेसंगै सहज उपलब्धता छैन, उपलब्ध भईहाले पनि सामान्य अवस्थाकोभन्दा दोब्बर र तेब्बर मूल्य तिर्नु परिरहेको अवस्था छ । ठीक यति नै बेला एभरी डे लाइफ फुड्स सप्लायर्स (Everyday Life Foods Suppliers) का प्रवर्द्धक केशव थापालाई भने आफ्ना थोक ग्राहकलाई चामल आपूर्ती (सप्लाई) गर्न भ्याई-नभ्याई छ । त्यो पनि आफ्नै ब्राण्डको जापानी चामल र होलसेलरका रूपमा । उनी भन्छन् - दक्षिण एशियाली मुलका थोक ब्यापारीहरू खासगरी भारतीय, बंगालीहरूको दबदबा भएको चामल बजारमा विक्रीवितरण र स्टकका हिसाबले अहिले आफ्नो कम्पनीको उपस्थिति स्थापित हुन सकेकोमा थापा गर्व गर्दछन् । उनी भन्छन् -'अधिकतम चामल उपभोग गर्ने नेपाली, ओसार पसार गर्ने पनि नेपाली, खुद्रा पसल राखेर बिक्रीबितरण गर्ने पनि नेपाली भएता पनि उत्पादक तथा वितरकमा झण्डै ९३ प्रतिशत भारतीय भएझैं यता पनि त्यस्तो अवस्था चिर्नपर्ने कर्त्तब्यबोधले आफ्नो कम्पनीको उपस्थिति बलियो बनाउँदै लैजाने हाम्रो लक्ष रहेको छ । जसअनुसार चामलको अभाव हुन नदिन अघिल्लो वर्ष कायम वार्षिक ४ सयदेखि ५ सय टन चामल विक्रि-वितरण क्षमतालाई बढाएर आगामी वर्षहरूमा जापानी चामल, बासमती चामल तथा अन्य चामल गरी १ हजारदेखि २ हजार टन क्षमता पुर्‍याउने र मुख्यरूपमा नेपाली उपभोक्ताहरूमा केन्द्रीत भारतीय तथा बंगलादेशी चामल ब्यापारीहरूको एकाधिपत्यलाई चिर्ने हाम्रो प्रयास रहने छ ।'

गोरखा घर भएका थापा जापानमा चिरपरिचित व्यवसायी हुन् । चामल अभावको वर्तमान सन्दर्भमा उक्त कम्पनीका संस्थापक प्रबर्द्धक थापाले चामलको विकल्पमा गजबको आइडिया अगाडि सारेका छन् । त्यो हो चामलजस्तै गहुँको दाना अर्थात कोमे च्युबु मुगी । जापानमा उत्पादित गहुँबाट बनेको यो चामल जस्तै दाना भएको गहुँ 'हाकुबाकु' नामको जापानी कम्पनीले बजारमा ल्याएको हो । यसलाई नेपाली बजारमा बजारिकरण गर्ने आधिकारिक वितरकको अनुमति थापाको एभरीडे लाइफ फुड्स »» बाँकी पृष्ठ ७ मा


# माओवादीको १० वर्षे जनयुद्ध हिंसा होइन

❑ **नेस डेस्क**

काठमाडौं - कुनै समय माओवादीमा सुदूरपश्चिमका कमान्डर थिए, लेखराज भट्ट । नेकपा माओवादीबाट पार्टीको नाम फेरिएर एकीकृत नेकपा माओवादी र माओवादी केन्द्र भयो । तर, सुदूरपश्चिममा भने लेखराजको पोजिसन फेरिएन । एक नम्बर नै रह्यो । नेकपा विभाजनको बेला माओवादी धार छोडेर केपी शर्मा ओलीलाई साथ दिएका उनी अहिले एमाले सचिव तथा सुदूरपश्चिम इन्चार्ज छन् । पछिल्लो समय अध्यक्ष केपी शर्मा ओलीबाटै 'हेपिएको र उनीसँग जुध्न नसक्ने' भन्ने उनको अभिव्यक्ति चर्चामा रह्यो । तत्कालीन माओवादी सशस्त्र युद्ध नभइ हिंसा नै भएको एमाले नेताहरूले भनिरहँदा मौन बसेका सचिव भट्टसँग माओवादी युद्ध, त्यसले मुलुकमा आएको परिवर्तन र वर्तमान राजनीतिक घटनाक्रमका विषयमा नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंश:-

**पछिल्लो समय १० वर्षे माओवादीको जनयुद्ध हिंसा भन्ने विषय निकै विवादित बन्यो, यसमा तपाईंको दृष्टिकोण के हो ?**

यो बारेमा आ-आफ्ना बुझाई छन् । आ-आफ्ना दृष्टिकोण छन् । म आफै त्यसमा संलग्न भएको र मैले त्यसको नेतृत्वसमेत गरेको हुँदा कुनै पनि परिवर्तन हिंसाबिना भएकै छैन । हिंसाको परिभाषा के हो ? त्यसमा जानुपर्ने हुन्छ । राजनीतिक उद्देश्य प्राप्तिको लागि र परिवर्तनको लागि द्वन्द्व अथवा युद्धहरू इतिहासमा धेरै भएका छन् । त्यसलाई तपाईले विशुद्ध हिंसाको रूपमा परिभाषित गर्नुभयो भने त्यसको समग्र वस्तुहरूलाई बुझ्न सक्नुहुँदैन । जनयुद्धको उद्देश्य परिवर्तन थियो । परिवर्तनको लागि भएको थियो । त्यसमा जनताको सहभागिता थियो । शान्ति प्रक्रियामा आउने कुरामा एमालेको अहिलेको नेतृत्वको महत्वपूर्ण भूमिका रहेको थियो । अतः त्यो हिंसा थिएन । त्यो हिंसा होइन ।




**किन होइन ? एमालेका नेता/सांसदहरूमात्र होइन, कहिलेकाहीँ त तपाईंकै अध्यक्ष पनि त्यसै भन्नुहन्छ ?**

एमालेका दस्ताबेजहरूले त्यसो भन्दैनन्, नेताहरूले के-के भन्छन्, त्यो व्यक्तिगत »» बाँकी पृष्ठ ७ मा










## सम्पादकीय

# विदेशमा हुर्कंदो नयाँ पुस्ता र नेपाल कनेक्शन

आजको नेपाली समाजको औसत अवस्थालाई नियाल्ने हो भने नााति पुस्ता विदेशमा हुर्कदैं छ, उता घरदेशमा बूढ्यौली लागेका हजुरबुवा र हजुरआमाहरूको आफ्ना सन्तानबाट टाढिनु पर्दाको पीडा सुनिदिने कोही छैनन् । 'सावाँकोभन्दा ब्याजको माया' भनिएझैं आजको हजुरबुवा पुस्ताले नाति-नतिनासंग समय बिताउने उत्कट चाहना र त्यसबाट प्राप्त हुने स्वर्णिम आनन्द एवम् अवसर गुमाउनु परेको छ । कतिपय अवस्थामा रहर वा बाध्यताले अवलम्वन गर्नुपरेको वैदेशिक रोजगारीका कारण आज हाम्रो नेपाली समाजमा हजुरबुवा पुस्ता र नाति पुस्ताबीचको दूरी फराकिलो बन्दै गएको छ । भौतिकरूपमा संगै नहुँदा विदेशीभूमिमा हुर्कदै गरेका आफ्ना सन्तानसंग नियमित संवाद नहुनु, संवाद भईहाले पनि भाषाका कारण खुलस्त हुन नसक्नु, सानैबाट टाढिएपछि सामिप्यता, आत्मियता र अपनत्वभावमा ह्रास आउनु जस्ता समस्याहरू क्रमशः बढ्दै गईरहेका छन् । जसले गर्दा आजका हजुरबुवा पुस्तालाई निराशा तुल्याएको छ भने विदेशमा हुर्किरहेको नाति पुस्तामा नेपालसंगको कनेक्शन बिरानो हुँदै जान थालेको छ । यसकारण पनि नेपाली भाषा, साहित्य, सँस्कृति, रितिरिवाज, चाडपर्व जस्ता आधारभुत विषयमा उनीहरूको लगाव टुट्दै जानु स्वभाविकै हो । अन्ततोगत्वाः एकदिन उनीहरू यस्तो बिन्दुमा पुग्नेछन्, नेपालीका सन्तान भएर पनि उनीहरूमा नेपालीपन बाँकी नरहन सक्छ । यस्तो अवस्थामा नेपालमा हुने हजुरबुवा पुस्ता र विदेशमा हुने नाति पुस्ताबीच कथम्कदाचित् भेट भईहाले पनि उनीहरूबीचको सम्बन्ध त्यति सुमधुर नहुन सक्छ । भाषा वा निकटताका कारण जब दोहोरो संवाद टुट्छ अनि बाँकी रहने भनेको केवल एउटा मायाको त्यान्द्रो न हो । त्यसैले आज घरदेशमा बूढ्यौलीका दिनहरू गुजार्दै गरेका हजुरबुवा पुस्ता र परदेशमा हुर्कदैं गरेका नाति पुस्ताबीच गहिरिदैं गईरहेको खाडल चिर्नका लागि गम्भीर भएर सोच्ने बेला आएको छ । यो आम नेपालीका लागि चिन्ता र चासोको विषय हुनुपर्दछ ।

यस्तो परिस्थितिमा न त बूढ्यौली लागेका हजुरबुवा-हजुरआमाहरू सँधैका लागि विदेश बस्नेगरी आउन संभव छ, न त विदेशमा हुर्किरहेका नाति पुस्ता सँधैका लागि विदेश छोडेर नेपाल जान सक्छन् । निकट भविष्यमै यो खालको स्थिति आउने निश्चित प्रायः छ । उहिलेका वैदेशिक रोजगारी निश्चित समयका लागि हुन्थ्यो, एक दिन आफ्नो थातथलो फर्कन्थे र आफ्नो कमाईको धेरैजसो हिस्सा आफ्नै थातथलोमा पुग्थ्यो र खर्चिईथ्यो । तर अहिले समयमा आएको बद्लावसंगै रोजगारीका लागि जुन-जुन मुलुकमा गएका हुन् उनीहरू अधिकाँश स्थायीरूपमा उतै बस्ने गरेका कारण विदेशमा जन्मेका, हुर्केका र विदेशकै शिक्षा हासिल गरिरहेका हाम्रा नानीबाबुहरूलाई देशको माटोसंग जोड्न तदअनुरूपका क्रियाकलाप तथा कार्यक्रमहरू हुनुपर्ने देखिन्छ, तर यतातिर कसैको ध्यान गएको देखिदैंन ।

भाषा एउटा यस्तो शक्तिशाली माध्यम हो, जसले दुई आत्माबीचको भावनालाई जस्ताको तस्तै सञ्चार गर्दछ र तत्काल नजिक तुल्याउँदछ । त्यसकारण यो अद्भुत शक्तिशाली छ । भाषा संगसंगै हाम्रा साँस्कृतिक मूल्य-मान्यता, रितिरिवाज, चाडपर्व र खानपानले पनि मुलुकसंग जोड्न प्रेरित गर्दछ । विदेशमा हुर्किरहेको नेपाली नयाँ पुस्तालाई कसरी हुन्छ, मुलुकसंग जोड्ने र मुलुकप्रतिको कर्त्तब्यबोध गराउने सन्दर्भमा समाजका जिम्मेवार अगुवाहरूको ध्यान जानुपर्दछ । हामीले बेलैमा सहि बाटो देखाउन सकेनौ भने उनीहरूको निश्चित उमेर पुगिसकेपछि हामीले चाहेर पनि उनीहरूलाई हाम्रो अनुसार बनाउन सक्दैनौं । किनभने त्यतिबेलासम्म धेरै ढिला भईसकेको हुने छ ।

त्यसैले विदेशमा हुर्कदैं गरेका नातिपुस्ता र सन्तान सुखको वास्तविक अनुभव गर्नबाट वञ्चित हुनुपर्दा निराशिएर बूढ्यौली दिन काटिरहेका हजुरबुवा पुस्तालाई एकअर्काबीच संगै बस्न पाउने वातावरण तथा अधिकार स्थापित गराउन जापान सरकारको सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुपर्ने देखिन्छ । यसका लागि हामी विदेशमा बस्ने नेपालीहरूको एकता सहितको सामुहिक पहलकदमी वाञ्छनीय छ ।

प्राविधिक कारणबस माघ १६-३१ (February 1-15) अङ्क प्रकाशन गर्न नसकिएकोमा क्षमाप्रार्थी छौं । -सम्पादक




# नेपालीहरूको विदेश मोह र जापान

विचार

✍ तिलक मल्ल

नेपाली युवा पुस्तामा विदेश मोह भयावह देखिन्छ । सरकारी तथ्याङ्कले सरदर दैनिक ३ हजार भन्दा बढि लक्का जवानहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर विदेश जाने गरेको देखाउँछ भने अनाधिकारिकरूपमा विदेश जानेहरूको कुनै तथ्याङ्क नभए पनि यतिकै संख्यामा दैनिक अन्य नाका प्रयोग भई विदेश जाने गरेको सहजै अनुमान गर्न सकिन्छ । यसले देशभित्रै संभावनाका क्षेत्रहरू नभएकै हो त भन्ने संकेत गरेको भए पनि यथार्थमा त्यसो हो भन्न सकिदैन । हाम्रो समाज युवाहरूलाई विदेश धपाउन उद्यत छ । नेपाली समाजमा विदेशिने सँस्कृति पुरानो भए पनि यसले दीर्घकालिनरूपमा देशलाई फाईदा गरेको मान्न सकिदैन । विगतमा भारतीय तथा बेलायती सेनामा निश्चीत समयावधि सेवा गरेर स्वदेश फर्कने प्रचलन थियो भने अहिले बैदेशिक रोजगारका नाममा संसारका विभिन्न जोखिमयुक्त एवं असुरक्षित बजारमा सस्तो मूल्यमा नेपाली श्रम विक्रि भईरहेका छन् । उनीहरूले पठाएको रेमिट्यान्समा राज्य रमाईरहेको पाईन्छ । नेपाली युवाहरूलाई नेपालमै उपयुक्त रोजगारीको ब्यवस्था गरी स्वदेशमै रमाउने वातावरण बनाउन सरकारको खासै ध्यान जान सकेको छैन । विदेश पलायनमा उद्यत युवाहरूलाई स्वदेशमै रहन प्रोत्साहित गर्न सरकारले उपयुक्त नीति तथा कार्यक्रम ल्याउन सकेको छैन भने हाम्रो समाज एवं घरपरिवारले पनि युवाशक्तिलाई सकभर स्वदेशमै उद्यमशील क्षेत्रमा प्रेरित गर्न सकेको छैन ।

छिमेकी मुलुक भारतलाई छोडेर करिब ८० लाखभन्दा बढि नेपालीहरू विश्वका विभिन्न मुलुकमा अदक्ष कामदारकारूपमा श्रम गरिरहेका छन् । त्यसमा अत्यन्त कम संख्यामा भए पनि उच्च स्तरिय जनशक्ति एवं वौद्धिक क्षमता भएका नेपालीहरू पनि पर्दछन् । देशका विभिन्न क्षेत्रमा अत्यावश्यक पर्ने नेपाली प्राविधिक तथा विद्वत वर्ग विदेश पलायन हुँदा देशमा छिमेकी मुलुकबाट महंगो जनशक्ति आयात गर्नुपरेको र नेपाली पूँजी बाहिरिने गरेको तथ्य हाम्रो सामु छर्लङ्ग छ । विदेशिने सँस्कृति अब निश्चित समयका लागि नभएर अब अनिश्चित कालका लागि बन्न पुगेको छ । लामो समयसम्म विदेशमा रहँदा बस्दा विदेशको हावापानी, रहनसहन, खानपान, सफासुग्घरले जीवनशैलीमा पार्ने प्रभावले गर्दा उनीहरूलाई स्वदेशभन्दा विदेशमा जीवनयापन सहज लाग्नु स्वभाविकै हो । तथापि यो नै स्थायी समाधान भने कदापी हुन सक्दैन । एक त उनीहरू स्वदेशमा संभावना देख्दैनन् अर्को स्वदेश फर्केर के गर्ने भन्ने द्विविधामा उनीहरूको दशकौं बित्ने गरेको पाईन्छ । अन्ततोगत्वाः बूढो हाडछाला लिएर स्वदेश फर्कनेहरूको संख्या अनपेक्षितरूपमा ठूलो हुँदैछ । लामो समयसम्म विदेशिने सँस्कृतिले नेपाली समाजमा अनेकौं विकृति र विसंगतिहरू बढाएको छ । घरपरिवारमा बेमेल, सम्बन्ध विच्छेद, अनैतिक सम्बन्ध, अभिभावकत्वको अभावमा बच्चाहरूमा सहि शिक्षा दिक्षाको यथोचित ब्यवस्थापनको कमी आदीले गर्दा उनीहरूमा देखिने बेवारिसेपन तथा उच्छृङ्खलपन जस्ता विकृतिहरू बढेका छन् । बालबालिकालाई राम्रो शिक्षादिक्षा दिने नाममा आफ्नो जमिनजग्गा बाझो राखेर वा अरूलाई सुम्पेर गाउँको मान्छे बजारमा, बजारको मान्छे सदरमुकाममा र सदरमुकामको मान्छे पोखरा, काठमाडौं जस्ता ठूला सहरमा बसाईसराई गरी महंगा डेरा लिएर बस्ने, दिनभर हुने फुर्सदमा जुवा, तास, मद्यपान जस्ता अवाञ्छित कुलत र खराव संगतमा फस्ने गरेको हामी पाउँदछौं । कपियले चौपायलाई झैं आफ्ना बालबच्चा अर्काको भरमा सुम्पेर विदेशनै सबथोक हो भनेर रमाउने जमात पनि बढ्दो छ । विदेशमा दुख गरेर कमाएको पूँजी घरजग्गा जस्ता अनुत्पादनशील क्षेत्रमा लगानी भईरहेको छ । रोजगारीका अवसरहरू सिर्जना हुने उद्यमशील क्षेत्रमा लगानी गर्न हाम्रो समाज अझै सकारात्मक हुन सकेको देखिदैन । नागरिकमा देखिएको सचेतनाको कमी, सीपयुक्त जनशक्ति उत्पादन गर्न नसक्ने हाम्रो शिक्षा प्रणाली, विदेश मोहमा चुर्लुम्म डुबेको हाम्रो समाज र देखासिकी र लहैलहैमा जस्तोसुकै मूल्य चुकाएर भएपनि विदेशै होमिन तयार युवा पुस्ताका कारण विदेशिने लर्को घट्दो हैन बढ्दो छ, राज्यले उत्पादन हैन, मानव निर्यात गरेर



आफ्नो निकम्मापन प्रदर्शन गरिरहेको छ । यसतर्फ सम्बन्धित सबैको समयमै ध्यान जान र जिम्मेवार हुन आवश्यक छ ।

देशभित्रै रोजगारी, उत्पादन, उद्यमशिलताको बिकास नगरी नाराले मात्र समृद्धि आउँदैन । प्रविधिको विकास बिना उद्योग धन्दा कलकारखानाको बिस्तार संभव छैन । साना साना पूँजीलाई एकत्रित गरी विदेशमा भएका नेपालीहरूलाई देशभित्रै सुरक्षित लगानीतर्फ आकर्षित गर्न अब निजी क्षेत्रबाट पनि पहल हुनु आवश्यक छ । सरकारको मात्र मुख ताकेर अब ढिला भईसकेको छ । आजको पुस्ताले झै भोलिको पुस्ताले पनि विदेश ताक्न नपर्ने स्थितिको सिर्जना गर्नु आजको पुस्ताको दायित्व हो । त्यसका लागि संभावनाका क्षेत्रहरू केलाउने समाजलाई सुसूचित गराउने जस्ता कार्यमा विज्ञ, विशेषज्ञहरूको भूमिका महत्वपूर्ण हुन्छ । अपेक्षित त्यो भूमिका निर्बाह हुन सकिरहेको देखिदैन ।

यी त भए आजको नेपाली समाजमा देखिएको विदेश मोह र यसले जन्माएका अनेकन अनुत्तरित प्रश्नमाथि हुन नसकेका बहस र विवेचनाका पाटो । विदेश जानैपर्ने स्थिति आएमा आफु जान लागेको गन्तब्य मुलुकको बारेमा सामान्य भन्दा सामान्य जानकारी नलिईकन उडिहाल्ने कमजोरी नै विदेश पुगेपछि उत्पन्न हुने संभावित समस्याका मुल कारक बन्ने गरेका छन् । अध्ययन, अनुसन्धान, उच्चशिक्षा, रोजगारी वा ब्यवसाय कुन प्रयोजनका लागि आफु जान लागेको हो, आफु जान लागेको मुलुकको दैनिक बोलीचालीका आधार भुत भाषाज्ञान, त्यहाँको रहनसहन, जीवनशैली, हावापानी, कला, सँस्कृति र विकास प्रविधि जस्ता बिषयमा जानकारी हुनु अनिवार्य छ । गन्तब्य मुलुकको मुद्रा, यातायात ब्यवस्था, बैंक, हुलाक, अस्पताल, स्कुल, कलेज, प्रहरी प्रशाशन, स्थानीय सरकार जस्ता बिषयमा घरमै बसीबसी इन्टर्नेटको माध्यमबाट सर्च गरेर जानकारी लिन सकिन्छ । यदि कुनै एजेन्सी मार्फत जान लागेको हो भने उनीहरूसंग आफुले पाउने सेवा, सुविधा, भिसा, नविकरण, आवासको ब्यवस्था, बिरामी वा भैपरी आउँदा सम्पर्क गर्ने सहयोगी वा निकाय बारे बिस्तृतमा जानकारी हासिल गरेर मात्र गन्तब्य मुलुकको यात्रा तय गर्नु बुद्धिमानी हुन्छ । बिदेशमा देखिने र सुनिने समस्याहरू अधिकांश सम्बन्धित ब्यक्तिकै असावधानी र अज्ञानताका कारण हुने गरेको पाईन्छ । आफु सजग र सतर्क हुन सके अरूबाट सशंकित हुन आवश्यक छैन, आधा समस्या स्वतः समाधान हुन जान्छन् । बन्द कोठामा आपसी सहमतिमा गरिने सम्झौता विदेश आईसकेपछि कुनै समस्या उत्पन्न हुनासाथ एक अर्कालाई दोषारोपण गरेर रडाको मच्चाउने नेपाली सँस्कारले विदेशीहरू सामु नेपालीहरूलाई लज्जित बनाएको छ । जापानको कुरो गर्नुपर्दा रोजगारी र विद्यार्थी क्षेत्रमा यो अधिक देखिन्छ । आफ्ना अभिभावक वा नजिकको पढेलेखेको मान्छेको रोहबरमा सबै सहमति र सम्झौता गरी जबाफदेहीताको दायरा स्पष्ट किटान भएपछि मात्र चनाखोपूर्वक बिदेशको यात्रा तय गर्न सके बैदेशिक रोजगार क्षेत्रमा विद्यमान अहिलेको जस्तो गञ्जागोलको स्थितिलाई मुक्त गर्न सकिन्छ ।

गएको ८, १० वर्ष यता जापानमा नेपालीहरूको संख्या तेब्बर बृद्धि भई झण्डै सवा २ लाख नाघेको छ । सन् २०१० यता भाषा पढ्न आउने विद्यार्थीहरूको संख्या तिब्र बृद्धि भयो । सपरिवार यतै बस्ने, बालबच्चा यतै जन्माउने अब जापानमा सामान्य भईसक्यो, जुन पहिले अचम्म मानिन्थ्यो । दसैतिहार जस्ता पर्वमा आफु नेपाल नगएर बाबुआमा यतै झिकाउने, घुमाउने पठाउने प्रचलन बढेको छ । नेपालीहरूको संख्या बृद्धि भएसंगै अवाञ्छित क्रियाकलापमा संलग्न नेपालीहरूका कारण सर्बसाधारण सबै नेपालीहरूले यसको असर भोग्नुपरेको छ ।

यसका अलावा जापानमा नेपालीहरूले गरेका उन्नती प्रगति पनि लोभलाग्दा छन् । कामदारबाट स्तरोन्नती भई ब्यवसायी नेपालीहरूको संख्या बढ्दो छ । स्वरोजगारिताको अवधारणामा बिकास भएको छ । कहलिएका विश्वविद्यालयमा प्राध्यापन गर्ने नेपालीहरूको संख्या पनि बढ्दो क्रममा छ । नाम चलेका अस्पतालहरूमा पनि नेपाली डाक्टर छन् । सयौं रेष्टुरेन्टका मालिक बनेर हजारौंलाई रोजगार दिन सक्ने सक्षम नेपाली पनि छन् । हरेकजसो जमघटमा नेपालकै मात्र चिन्ता गर्ने देशको बिकास र समृद्धिमा कसरी साझेदारी बन्न सकिन्छ भनेर बहस र छलफल गर्ने बौद्धिक जमात पनि छन् । विदेश पलायनका कारण नयाँ पुस्तामा नेपाली भाषा, सँस्कृति लोप भएर नजाओस् भन्ने उद्देश्यले नेपालीहरूकै सामुहिक लगानीमा अन्तर्राष्ट्रिय स्तरको पठनपाठन हुने नेपाली स्कुल पनि सञ्चालनमा छ । नेपालीहरूका लगानीमा जापानका हरेक स्टेशनमा नेपाली रेष्टुरेन्ट जापानी ग्राहकको पर्खाईमा छन् । जापानभरि करिव ६ हजार भन्दा बढि यस्ता रेष्टुरेन्टहरूले स्वरोजगारिताका साथै ठूलो संख्याका नेपालीहरूलाई रोजगारी दिईरहेका छन् भने उनीहरूमा आश्रित परिवारले जापानमा रोजगारी गर्न पाएका छन् ।

विद्यार्थी, कुक, प्राविधिक कामदारका साथै अब कियरभिरमा समेत जापानमा नेपाली कामदारको संभावना बढेर गएको छ । बिबाह गर्ने, सन्तान जन्माउने तर्फ उदासिन जापानी समाजमा बृद्धबृद्धाहरूको संख्या अत्यधिक बढ्दो छ । ६० वर्ष माथि उमेर समुहका जापानीहरूको जनसंख्या अब छिट्टै ४० प्रतिशत पुग्दैछ । उनीहरूको हेरचाह गर्ने क्षेत्रमा लाखौको संख्याका कामदार हरूको अभाव भईरहेको यहाँका सञ्चार माध्यमहरूमा पढ्न पाईन्छ । फिलिपिन्स, कोरिया, ताईवान, थाई, भियतनाम जस्ता मुलुकहरूबाट वर्षों पहिलेदेखि यो क्षेत्रमा काम गर्दै आईरहेकोमा अब जापानले नेपाली कामदारका लागि पनि यो अवसर दिने संकेत गरिसकेको छ । नेपाली बजारमा विचौलियाहरूले तथ्यहिन अफवाह फैलाएर सर्बसाधारणलाई आकर्षित गर्ने र वास्तविकता नबुझिकन भ्रममा पर्ने जनमानसका कारण उपलब्ध अवसरलाई सहिरूपले उपयोग हुन नसकेको अवस्थामा नेपाल सरकारको सम्बन्धित निकायले बेलैमा बिधि र प्रक्रियागत ढंगले स्पष्ट नीति अवलम्बन गर्न सके दशकौंसम्म जापान एउटा राम्रो संभावना भएको श्रमबजार हुन सक्छ ।

# टोकियोमा राष्ट्रिय प्रजातन्त्र दिवस मनाईयो




❑ नेस संवाददाता

टोकियो – गत फागुन ७ गते अर्थात १९ फेब्रुअरीका दिन जापानको राजधानी टोकियोमा हर्षोल्लासका साथ राष्ट्रिय प्रजातन्त्र दिवस मनाईएको छ । नेपाल–जापान साँस्कृतिक महोत्सवकारूपमा मनाईएको राष्ट्रिय प्रजातन्त्र दिवस समारोह जापानस्थित नेपाली राजदूतावासको आयोजनामा भएको हो । जापानी कलाकारहरूको एक समुहद्वारा गाईएको नेपाल र जापानको राष्ट्रियगानबाट राष्ट्रिय प्रजातन्त्र दिवस विशेष साँस्कृतिक महोत्सव सुरु भएको थियो । सो समारोहलाई सम्बोधन गर्दै जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुबेदीले अर्को वर्ष नेपाल र जापान सम्बन्धको ७० औं वर्षगाँठ हुन गईरहेको पूर्वसन्ध्यामा नेपाल–जापान साँस्कृतिक महोत्सव सहित राष्ट्रिय प्रजातन्त्र दिवस मनाउन पाउनु खुशीको विषय भएको बताउनुभयो । राजदूत डा. सुबेदीले नेपालमा प्रजातन्त्रका लागि जीवन उत्सर्ग गर्ने महान सहिदहरूप्रति उच्च सम्मान व्यक्त गर्दै जापानबासी नेपालीहरू र दूतावासको तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभयो । यसैगरी उहाँले राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा समस्त नेपाली तथा जापानी मित्रहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।

प्रजातन्त्र दिवस विशेष नेपाल–जापान साँस्कृतिक महोत्सव समारोहमा उत्साहजनक नेपाली तथा जापानीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा नेपाली तथा जापानी कलाकारहरूले आ–आफ्नो देशको विविधता झल्किने साँस्कृतिक एवम् साँगीतिक प्रस्तुती दिएका थिए । जसमा जापानमै रहेका कलाकारहरूका साथै साँगीतिक भ्रमणकाक्रममा हाल जापानमा रहेका वरिष्ठ गायक आनन्द कार्कीको विशेष आकर्षण रहेको थियो । मेगुरो कुमिन सेन्टरमा भएको सो कार्यक्रममार्फत दूतावासले नयाँ शैलीको प्रयोग सहित सकारात्मक सन्देश प्रवाह भएको सहभागीहरूको प्रतिक्रिया थियो ।

# टोकियोमा नेफिन साँस्कृतिक महोत्सव हुने

❑ नेस संवाददाता

टोकियो – जापानमा नेफिन साँस्कृतिक महोत्सव–२०२५ को आयोजना हुने भएको छ । नेपाल आदिबासी जनजाती महासंघ जापानको आयोजनामा आगामी अप्रिल १९ तारिख आइतबार ४ बजेदेखि मेगुरो कुमिन सेन्टर टोकियोमा उक्त महोत्सव हुने भएको हो ।

नेपाली राजदूतावास टोकियोको विशेष सहयोग तथा एनआरएन जापानको सहकार्यमा हुन गईरहेको उक्त महोत्सवका सहआयोजकहरूमा थकाली सेवा समिति जापान, तमु धि जापान, नेपाल मगर संघ जापान, शेर्पा संघ जापान, नेपाल तामाङ समाज जापान, किरात याक्थुङ चुम्लुङ जापान, किरात राई यायोक्खा जापान, नेवाः खल जापान र थारू कल्याणकारिणी सभा जापान रहेका छन् ।

एनआरएन आइसीसीका उपाध्यक्ष रविन शेरचनको मुख्य प्रायोजन र जापान मनी एक्सप्रेसको प्रायोजन रहने सो कार्यक्रमको इभेन्ट पार्टनरमा हिकारी कम्पनी लिमिटेड रहने भएको छ ।

विभिन्न जनजातिको झाँकी तथा साँस्कृतिक प्रस्तुति रहने उक्त कार्यक्रममा नेपालबाट आमन्त्रित चर्चित कलाकारहरूको प्रमुख आकर्षण रहने साँस्कृतिक महोत्सव मूल समारोह समितिका अध्यक्ष हवलचन्द्र लामाले जानकारी दिनुभयो ।

# एभरेष्ट स्कुल जापानको आराकावामा शाखा बिस्तार

❑ नेस संवाददाता

टोकियो – एभरेष्ट इन्टरनेशनल स्कुल, जापानले आफ्नो सेवा बिस्तार गर्ने क्रममा आराकावामा पनि शाखा बिस्तार गरेको छ । जसअनुसार आगामी शैक्षिक सत्र अप्रिलदेखि पठनपाठन सुरु गर्ने गरी तैयारी भईरहेको स्कुल प्रशासनले जनाएको छ ।

शाखा बिस्तार गर्ने क्रममा आराकावा क्षेत्रमा रहेका नेपालीहरूलाई लक्षित गरी नर्सरीदेखि कक्षा ५ सम्म पढाई हुने गरी कक्षा सञ्चालन गर्न लागिएको हो ।

राजधानी टोकियोका २३ वटा वार्ड मध्य आराकावा कु मा बालबालिकाका लागि शिक्षामा सबैभन्दा बढि अनुदान उपलब्ध गराउने कु मा पर्दछ । जसअन्तर्गत उक्त अनुदान प्राप्त गर्ने प्रक्रियामा लाग्ने समयावधिसम्म किन्डरगार्टेन तहका विद्यार्थीहरूको शुल्कमा ५० प्रतिशत छूट दिईने र कक्षा १ देखि ५ कक्षासम्मका विद्यार्थीहरूको शुल्कमा पनि विशेष छूटको व्यवस्थासहित भर्ना शुल्कमा ५० प्रतिशत छूट गरिने एभरेष्ट स्कुलका प्रिन्सिपल बिष्णुप्रसाद भट्टले जानकारी दिनुभयो ।

एभरेष्ट इन्टरनेशनल स्कुलमा हाल विद्यार्थीहरूको चाप थेग्न नसकिएको अवस्था र नेपालीहरूको बाक्लो उपस्थिति रहेको संभावित स्थानमा शाखा बिस्तार गर्ने स्कुलको नीति अनुसार आराकावामा उक्त संभावना देखिएकोले त्यहाँ किण्डरगार्टेन तहदेखि कक्षा ५ सम्मको पढाई सुरु गर्न लागिएको स्कुलका सञ्चालक समितिका अध्यक्ष भवन भट्टले बताउनुभयो ।



एभरेष्ट इन्टरनेशनल स्कुलको हाल ओकुबोमा किन्डरगार्टेन (एभरेष्ट किड्स), आशागायामा कक्षा १ देखि कक्षा ३ सम्म र ओगिकुबोमा कक्षा ४ देखि १२ कक्षासम्म पढाई भईरहेको छ ।

'जापानमा नेपालीहरूको आगमन बढ्दो क्रममा रहेको र सोहीअनुसार स्कुल जाने उमेरका बालबालिकाहरूको संख्या पनि उत्तिकै बढ्दो क्रममा रहेकोले हाललाई नर्सरीदेखि कक्षा ५ सम्मको पढाई हुने गरी आराकावामा शाखा बिस्तार गरिएको हो ।' स्कुलका सञ्चालक समितिका संस्थापक अध्यक्ष डा. भूपालमान श्रेष्ठले बताए । आराकावामा नेपालीहरूको बाक्लो उपस्थिति रहेको छ । आराकावा बाहिरबाट जाने विद्यार्थीहरूका लागि नजिकको ट्रेन स्टेशनबाट शटल बसको समेत व्यवस्था गरिने स्कुल प्रशासनले जनाएको छ । नयाँ खुलेको एभरेष्ट स्कुल जापानको आराकावा क्याम्पसबाट सबैभन्दा नजिकको ट्रेन स्टेशन माचिया हो । केइसेइ लाइन र चियोदा लाइनको रूटमा पर्ने माचिया स्टेशनबाट १५ मिनेटको दुरीमा स्कुल पर्दछ ।

Restaurants, Food Services & Hotels
टोकियोकै एक नम्बर
Wholesale & Retail Delivery Service

इण्डियन, नेपाली, थाई, जापानी रेष्टुरेन्ट (इजाकाया) तथा हलाल फुड स्टोरका लागि आवश्यक पर्ने सबै किसिमका खाद्य तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।
सस्तो मूल्यमा गुणस्तरिय सामान र भरपर्दो सेवा
DIPWAY JAPAN FOOD SERVICE
〒123-0864, 2-26-16 Shikahama, Adachi-ku, Tokyo
Tel: 03-5837-4977, Fax: 03-5837-4987
Mobile: 090-6477-4977
www.dipway.co.jp
foodservice@dipway.co.jp

पहिलो नेपाली अन्तर्राष्ट्रिय High स्कुल
Montessori देखि +2 सम्म पढाइ हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने पहिलो नेपाली अन्तर्राष्ट्रिय स्कुल
Cambridge Assessment International Education
Cambridge International School

YOUR CHILD DESERVES BEST EDUCATION
"HIGH GOALS FOR BETTER EDUCATION"
हाम्रा विशेषताहरू
१. छात्रवृत्तिको व्यवस्था
२. विज्ञान तथा कम्प्युटर प्रयोगशाला
३. नेपाली तथा विदेशी शिक्षक-शिक्षिकाहरू द्वारा अध्यापन
४. IELTS/TOEFL/TOEIC तथा जापानी भाषाको निःशुल्क कक्षा
५. कक्षा १२ को अध्ययन पश्चात जापान तथा अन्य मुलुकहरूका विश्वविद्यालय भर्नाका लागि निःशुल्क परामर्श सेवा
६. असल संस्कारयुत उत्कृष्ट एवं गुणस्तरिय शिक्षा
७. पुस्तकालयको व्यवस्था
८. डिजिटल प्रविधिको भरपुर प्रयोग
Approved by MEXT
EVEREST INTERNATIONAL SCHOOL, JAPAN
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051
03-5335-7379, 03-5335-7393, 090-1084-7379
eisj.info@gmail.com

जापानी भिसा आवेदनका लागि हामीलाई सम्झनुहोला
हाम्रा सुविधाहरु
◈ एडुकेन (पर्मानेन्ट रेसिडेन्ट)
◈ वर्किङ भिसा
◈ जापानी पासपोर्ट (किस्वा)
◈ परिवारका सदस्य बोलाउन
◈ अन्तर्राष्ट्रिय विवाह भिसा
Scan for website
Aikyo Immigration Lawyer Office | あいきょう行政書士事務所
〒273-0002千葉県船橋市東船橋４丁目３０番地８号サンビレッジ２０７号室
#207 4-30-8 Higashi-Funabashi, Funabashi, Chiba 273-0002
Tel: 047-409-8028, Mobile: 070-3977-8316, Fax: 047-409-2078

GMT international
DOCUMENT TRANSLATE गर्नुपर्ने छ ?

CALL NOW!
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

# वैदेशिक रोजगारीमा जाने बढे तर बढेन रेमिटेन्स



❑ नेस संवाददाता

काठमाडौं – विदेश जानेको संख्या बढिरहेको भए पनि रेमिटेन्स भित्रिने दर लगातार घटेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनका अनुसार यस वर्षको पहिलो ६ महिनामा रेमिटेन्स सात खर्ब ६३ अर्ब रूपैयाँ भित्रिएको छ । यो अघिल्लो वर्षको यही अवधिको तुलनामा ४ दशमलव १ प्रतिशत मात्रै धेरै हो ।

गत वर्षको यही अवधिमा रेमिटेन्सको वृद्धिदर २२ दशमलव २ प्रतिशत थियो । अमेरिकी डलरमा रेमिटेन्सको वृद्धिदर झन् थोरै छ । पुससम्म रेमिटेन्स (अमेरिकी डलरमा) १ दशमलव १ प्रतिशतले मात्रै बढेर पाँच अर्ब ८५ करोड डलरमा सीमित छ । यो गत वर्षको यही अवधिमा १९ दशमलव ५ प्रतिशतको वृद्धिदर थियो । विदेशी मुद्रासँगको सटही दरमा परिवर्तन आइरहने भएकाले अमेरिकी डलरमा भित्रिएको रेमिटेन्स तुलनाका लागि बढी यथार्थपरक हुन्छ । वैदेशिक रोजगारी तथा अध्ययनका लागि जाने नेपालको संख्या बढिरहँदा रेमिटेन्सको वृद्धिदर घट्नुले नेपाल भित्रिनुपर्ने रेमिटेन्स हुन्डीमा प्रयोग भएको वा पूँजी पलायनमा प्रयोग भएको हुन सक्ने आशंका बढाएको छ । यो वर्ष नयाँ र पुनः श्रम स्वीकृति गरी पुससम्म तीन लाख ९३ हजार जनाले वैदेशिक रोजगारीका लागि अनुमति लिएका छन् । गत वर्ष वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने (पुनः सहित) तीन लाख ४० हजार ३ सय ३० मात्रै थिए ।

नेपाल राष्ट्र बैंकका सहायक प्रवक्ता डिल्लीराम पोखरेलले रेमिटेन्सको आकार ठूलो भइसकेकाले वृद्धिदर सधैं उच्च हुन कठिन हुने बताए । उनले भने, 'आधार नै ठूलो भइसकेकाले वृद्धिदर घटेको हुन सक्छ, तर यसमा निचोड निकाल्न थप अध्ययन चाहिन्छ ।'

पछिल्ला तीन आर्थिक वर्षमा मात्र करिब २५ लाख नेपाली काम र अध्ययनका लागि वैदेशिक रोजगारीमा गएका छन् । कोभिड–१९ का तीन वर्ष न्यून हुन पुगेको रेमिटेन्सको वृद्धिदर आव २०७९/८० मा २३ दशमलव १७ र आव २०८०/८१ मा १६ दशमलव ४९ प्रतिशतले बढेको थियो । तर यस आर्थिक वर्षमा रेमिटेन्सको वृद्धिदर घट्ने देखिएको छ । गत आर्थिक वर्षमा नेपालमा १४ खर्ब ४५ अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको थियो ।यस वर्षको पुससम्म देशको चालू खाता भनिने देशमा भित्रिने र बाहिरिने रकमबीचको अन्तर एक खर्ब ४८ अर्ब रूपैयाँले बचतमा छ ।

# कार्यसम्पादनमा भरतपुर लगातार तेस्रोपटक उत्कृष्ट

❑ नेस संवाददाता

काठमाडौं – राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको कार्यसम्पादन मूल्याङ्कनमा प्रदेशहरू कमजोर देखिएका छन् । १०० अंकभारको मूल्याङ्कनमा पाँचवटा प्रदेशले ५० अंक पनि पुऱ्याउन सकेका छैनन्, दुई प्रदेशले मात्रै ५० अंक कटाएका छन् । जबकि नगरपालिकाले ८१ दशमलव ७ अंक र गाउँपालिकाले ७८ दशमलव २ अंकसम्म ल्याएका छन् ।

वित्त आयोगले संघीय सञ्चित कोषबाट तल्ला तहमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिसका लागि यो कार्यसम्पादन सूचक तयार गरेको हो । आयोगको यो मूल्याङ्कनले प्रदेश र स्थानीय तहका क्षमता, वित्तीय पारदर्शिता, वित्तीय अनुशासन, विकास, सुशासन लगायत कार्यसम्पादनलाई इंगित गर्छ । यो सूचककै आधारमा आयोगले संघीय सरकारसमक्ष तल्ला तहलाई दिने अनुदान सिफारिस गर्ने आयोगका अध्यक्ष बालानन्द पौडेलले बताए । 'बढी अंक ल्याउनेलाई बढी अनुदान दिन र कम अंक ल्याउनेलाई कम अनुदानको सिफारिस गरिनेछ,' उनले भने ।




आगामी आर्थिक वर्ष ०८२/८३ का लागि संघीय सञ्चित कोषबाट तल्ला तहमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिसका लागि तयार गरिएको कार्यसम्पादन सूचकमा सबैभन्दा बढी अंक ल्याउने प्रदेशमा सुदूरपश्चिम, महानगरमा चितवनको भरतपुर, उपमहानगरमा दाङको घोराही, नगरपालिकामा डडेल्धुराको अमरगढी र गाउँपालिकामा धादिङको नेत्रावती डबजोङ रहेका छन् ।

कानूनअनुसार समयमै बजेट पेस गरे–नगरेको, तोकिएको समय, ढाँचामा बजेट पेस गरी पास गरे–नगरेको, राजस्व बाँडफाँट गरे–नगरेको, आवधिक योजना तय गरे–नगरेको लगायतका शीर्षकमा वित्त आयोगले अंक दिएको छ । त्यस्तै, खर्चको अवस्था, बेरूजु, सूत्रको प्रयोग, विद्यालयमा विद्यार्थी भर्नाको अवस्था, गर्भवती महिलाको संख्या, संस्थागत प्रसूति संख्या, बालबालिकाको संख्या, खोप लगाएका बालबालिकाको संख्या तथा आयोगले तयार गरेको विद्युतीय अनलाइन पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्ट गरे–नगरेको आधारमा समेत अंक दिइएको हो । यसलाई आधार मान्दा प्रदेशहरूले नियम–कानून तथा तोकिएका कर्याविधिलाई नअपनाएको तथा विकासका सूचाकाङ्क कमजोर रहेको देखाउँछ ।

# अब विदेशबाट पनि श्रम स्वीकृति

❑ नेस संवाददाता

काठमाडौं – विदेशबाट पनि सरकारले श्रम स्वीकृति दिन थालेको छ । ओमानको सलाला र संयुक्त अरब इमिरेट्स (युएई) बाट श्रम स्वीकृति दिन थालिएको हो । राजदूतसँग प्रत्यक्ष संवाद, श्रमिक सचेतना, वित्तीय साक्षरता, सामाजिक सुरक्षा कोषमा आवद्धता तथा पासपोर्ट–कन्सुलरसम्बन्धी विशेष कार्यक्रमको अवसरमा श्रम स्वीकृति पनि प्रदान गरिएको छ । विभिन्न माध्यमबाट ओमान पुगेका तर श्रम स्वीकृति नभएका नेपालीलाई राजदूत डोरनाथ अर्याल र वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले संयुक्त रूपमा श्रम स्वीकृति प्रदान गरेका हुन् ।

त्यसअघि दुबईमा आयोजित एक कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीले उक्त सेवाको शुभारम्भ गरे । आबुधाबीस्थित नेपाली राजदूतावासका अनुसार मन्त्री भण्डारीले नेपाल सरकारले वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको हित र सुविधालाई ध्यानमा राखी राज्यले प्रदान गर्ने सेवा सुविधाहरूलाई सहज, सरल र प्रविधिमैत्री बनाउँदै लैजाने बताए । उनले सम्बन्धित राजदूतावासहरूबाटै श्रम स्वीकृति उपलब्ध गराउने व्यवस्थाले नेपाली श्रमिकहरू लाभान्वित हुने, नेपालमा गइरहनुपर्ने झन्झटबाट मुक्त हुने र आफ्नो पेसा र व्यवसायलाई निरन्तरता दिन सहज हुने बताए । राजदूतावासका विभिन्न सेवालाई विगतदेखि अनलाइन प्रणालीबाट प्रवाह गरिएको र श्रम स्वीकृति लिने कार्य पनि अनलाइन भएपछि सेवा प्रवाहमा चुस्तता आउने विश्वास गरिएको छ ।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरूकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।
Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00



कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) रइज्युकेन रप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट रप्लाई गर्नुपरेमा
८) भिसा परिर्वतन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ्ग स्कुल
届出自動車教習所
PRABHU DRIVING School Japan
Since 2017
जेरोबाट ड्राइभिङ्ग सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ्ग लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस् ।
DISCOUNT 10% ON DRIVING FEE
MORE INFO. 03-5937-4250
(Viber, WhatsApp OK)
080-9027-6114
080-3352-8032
090-9630-7381
TRAINING SPOT
SASHIOGI STATION, SAITAMA
埼玉県さいたま市西区宝来 84
HEAD OFFICE
SHIN OKUBO STATION, TOKYO
169-0077 東京都新宿区百人町1-11-31
新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO



# माओवादीको "समाजवादी" कार्यक्रममा योग र ध्यान पनि

❑ नेस संवाददाता

काठमाडौं – माओवादी केन्द्रले औपचारिक रूपमै योग र ध्यानलाई आफ्नो 'समाजवादी' कार्यक्रममा जोडेको छ । सशस्त्र युद्धका बेला अध्यात्मसँग जोडिएका सबै गतिविधिलाई निषेधको नीति लिँदै आएको माओवादीले समाजवादी कार्यक्रममा योग र ध्यानलाई समावेश गरेको हो ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले तल्ला समितिहरूमा कार्यान्वयनका लागि पठाइएको राजनीतिक प्रतिवेदनमा योग र ध्यान शिविरहरू आयोजनाको योजना समेटिएको छ । माओवादीले योग र ध्यानलाई वैज्ञानिक रूपमा आत्मसात् गर्दै नियमित अभ्यासको रूपमा विकास गर्न सबै पार्टी समिति र सदस्यलाई निर्देशन दिएको हो । प्रतिवेदनमा भनिएको छ, 'पार्टीको आठौं महाधिवेशनले लिएको निर्णयअनुसार योग र ध्यानलाई वैज्ञानिक रूपमा अभ्यास गर्नु पर्दछ ।'

पार्टीले यसको नियमित अभ्यासले कार्यकर्ताको मानसिक तथा शारीरिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने विश्वास लिएको छ । माओवादीले स्वीकार गरेको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त संघर्ष, एकता र परिवर्तनमा आधारित छ, जसमा योग र ध्यानको कुनै स्थान थिएन । तथापि, महासचिव देव गुरूङका अनुसार, पार्टीले शारीरिक तन्दुरुस्तीका लागि मात्र योग र ध्यानलाई समावेश गरेको हो । 'यसलाई कुनै पनि रूपमा अध्यात्मसँग जोडिएको छैन,' उनले भने ।

# बागलुङ समाजको पाँचौ अधिवेशन सम्पन्न






❑ नेस संवाददाता

टोकियो – बागलुङ समाज जापानको हालै पाँचौ अधिवेशन टोकियोमा सम्पन्न भएको छ । अधिवेशनले गुरूप्रसाद सापकोटाको अध्यक्षतामा सर्बसम्मत नयाँ कार्यसमिति गठन गरेको छ । कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा राजु केसी, उपाध्यक्षहरूमा बिष्णु सापकोटा, रामु खत्री, अशोक शर्मा गोपाल र बिना खड्का चयन हुनुभएको छ भने महासचिबमा सचिन आचार्य, सचिवद्वयमा दिपक कँडेल (सफल) र बिनम्र खत्री, कोषाध्यक्षमा केशव सुबेदी र सहकोषाध्यक्षहरूमा पवन क्षेत्री, प्रकाश आचार्य र कृष्ण कँडेल चयन हुनुभएको छ ।

यसैगरी महिला संयोजकमा रोशनी पन्त, युवा तथा खेलकूद संयोजकमा बसन्त थापा चयन हुनुभएको छ । यसैगरी सदस्यहरूमा निराजनबम मल्ल, भक्त हमाल, गोबिन्द के.सी., झपिन्द्र खत्री, हरिप्रसाद सापकोटा, चतुर्भुज सापकोटा, कमलेश जिसी, गोबिन्दप्रसाद पौडेल, बसन्तबहादुर क्षेत्री, मिनबहादुर श्रीस, जानु कँडेल र नारायण पाठक रहनुभएको छ ।

समाजका अध्यक्ष यामलाल कँडेलको सभापतित्वमा भएको अधिवेशनको प्रमुख अतिथिमा गण्डकी प्रदेशका सांसद लिलबहादुर थापा र विशेष अतिथिमा पूर्व संघीय सांसद डा. सूर्य पाठक लगायत रहनुभएको थियो । स्मरण रहोस् जापानमा बागलुङ जिल्लाबासीहरूको संख्या अग्रपंक्तिमा रहेको छ भने करिव दर्जन जति जिल्ला अन्तर्गतमा संघसंस्थाहरू जापानमा क्रियाशील छन् । नेपाल तामाङ समाज जापानको इतिहासमा नयाँ रेकर्ड कायम गर्दै यसपालीको सोनाम ल्होछारमा १ हजार २ सय भन्दा बढि जनसहभागिता रहेको अध्यक्ष करसाङ तामाङले नेपाली समाचारलाई बताउनुभयो । यसै महिनाको पहिलो साता भएको ल्होछार कार्यक्रममा समाजका प्रवक्ता बलराम थिङ तामाङ र म्हेन्दो लामाको सञ्चालन रहेको थियो ।

# अति भ्रष्टाचारको सूचीमा नेपाल



❑ नेस संवाददाता

काठमाडौं – मुलुकमा सशस्त्र द्वन्द्वको अन्त्य संगै संविधान निर्माण भई गणतन्त्र र संघीयता कार्यान्वयन भएको पनि एक दशक पुग्न थाल्यो । राजनीतिक परिवर्तन सँगै जनताको सुशासन, अमनचयन र स्थिरताको अपेक्षा व्यवहारमा ठीक उल्टो हुन पुगेको छ । सन् २०२४ मा पनि नेपाल भ्रष्टाचारको खराब सूची परेको छ, जसले मुलुकको शासन प्रणाली कमजोर अवस्थामा रहेको देखाउँछ । विश्वव्यापी रूपमा भ्रष्टाचारको अवस्था मूल्याङ्कन गर्ने ट्रान्सपरेन्सी इन्टर नेसनल (टिआई) ले जारी गरेको सन् २०२४ को भ्रष्टाचार अवधारणा सूचकाङ्कमा नेपालको स्कोर अघिल्लो वर्षको भन्दा एक अंकले खस्किएर ३४ कायम भएको छ ।

सिपीआई अंकका आधारमा विश्वका १ सय ८० देशमा नेपाल १ सय ७ औं स्थानमा छ । अघिल्लो वर्ष सन् २०२३ मा नेपाल १ सय ८ औं स्थानमा थियो । यसले स्थानमा नेपालको एक अंक सुधार भएको देखाउँछ । तर यो स्थान अन्य देशमा भ्रष्टाचार कस्तो छ भन्ने विषयले निर्भर रहने हो । नेपालकै विगत र अहिलेको भ्रष्टाचारको अवस्था दर्शाउने भनेको भ्रष्टाचार अवधारणा सूचकाङ्क (सिपीआई) ले नै हो ।

सन् २०२४ मा सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकमा डेनमार्क छ । डेनमार्क विगत सात वर्षदेखि लगातार ९० अंक प्राप्त गरी विश्वको सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा छ । डेनमार्कपछि फिनल्यान्ड, सिंगापुर, न्युजिल्यान्ड, लक्जेम्बर्ग, नर्वे, स्विट्जरल्यान्ड, स्वीडेन कम भ्रष्टाचार हुने देशको सूचीमा छन् भने सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा साउथ सुडान छ । सुडानपछि क्रमशः सोमालिया, भेनेजुयला, सिरिया, यमन, लिबिया छन् ।


## सरसफाई गर्ने पार्टटाइमर चाहियो

| लामो अवधि | छोटो अवधि |
| --- | --- |
| ➤ समय: ०७:००-१६:०० बजेसम्म (२ घण्टा ब्रेक)<br>➤ पारिश्रमिक: ८ हजार येन (प्रतिदिन)<br>➤ यातायात: दैनिक ५ सय येनसम्म<br>➤ आवासको सुबिधा, सवारी चालक र ग्रुपलिडरका लागि अतिरिक्त भत्ता | ➤ आवश्यकता: २०२४ अगष्ट १६ देखि १९ सम्म<br>➤ समय: २ दिनदेखि ४ दिनसम्म (सिफ्टअनुसार)<br>➤ पारिश्रमिक: न्युनतम ३ मान ६ हजार येनदेखि अधिकतम ७ मान २ हजार येनसम्म (आपसी सहमतिमा)<br>➤ अन्य सुबिधा: आवास, खाना र प्रतिघण्टा ब्रेक<br>➤ गर्नुपर्ने काम: म्युजिक फेस्टिबलमा सरसफाई तथा अनुगमन (कामको अनुभव नभए पनि हुने) |

Langate Co., Ltd.
3-18-11 Nitta, Adachi-ku,
Tokyo 123-0865
050-5236-6570 (Subedi Sushil )
recruitment@langate.biz
(नेपाली भाषा उपलब्ध)

## तोकुतेइ गिनोउ भिसामा जापानमा रोजगारीको अवसर

जापानको श्रमबजारमा खुलेको नयाँ अवसर तोकुतेइ गिनोउ (विशेष सीपयुक्त कामदार – SSW) भिसामा नि:शुल्क रोजगारीका लागि इच्छुक महानुभावहरूले हामीलाई संपर्क राख्नुहोल । जापानमै रहनुभएका र नेपालबाट आउन चाहने निम्न योग्यता भएकाहरूले आवेदन गर्न सक्नुहुने छ । साथै जापानी भाषा परीक्षा र सीप परीक्षाका लागि पूर्व तयारी कक्षाका साथै आवश्यक सबै सहजीकरणको ब्यवस्था छ ।

आधारभूत जानकारी
- जापानी भाषाको एन-फोर वा सो सरहको तह उत्तीर्ण गरेको
- निर्दिष्ट १४ क्षत्र मध्य कुनै एक क्षेत्रको सीप परीक्षा उत्तीर्ण गरेको
- माथिका दुबै वा कुनै एक परीक्षा दिनका लागि सर्पोटको आवश्यक परेमा
- यसका आधारभूत मापदण्ड र प्रक्रिया बारे बिस्तृत जानकारी चहिएमा
- नेपालमै हुनेहरूले पनि भिजिटमा जापान आएर परीक्षा दिन चाहेमा
- एन-फोर र सीप परीक्षाका लागि तयारी कक्षा धमाधम सञ्चालन भईरहेको छ

GMT
GMT INTERNATIONAL CO., LTD.
Tel/Fax : 03-5937-5314
080-4150-5314, 090-6095-5712
(License No: 19-001335)
Email: info@gmt-intl.com, Web: www.gmt-intl.com
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

## BIPASNA NEPALI PASAL

BIPASNA NEPALI PASAL SINCE 2021
Wholesale and Retail Fancy Shop

विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्था तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।

Scan for location
070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
FOLLOW US!

## 'सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा'

जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने, कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ ।

सम्पर्क
おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।
We Accept Payment Through
JCB VISA Rakuten KC Card PayPay

भिसा सम्बन्धि सम्पूर्ण कामका लागि
OGAWA JIMUSYO
Visit Our Website

# थसेसको तोरन्ल विशेष १७ औं अधिवेशन हुँदै

**नेस संवाददाता**

टोकियो - थकाली सेवा समिति जापानको आगामी मार्च महिनाको २३ तारिख आईतबारका दिन १७ औं अधिवेशन हुने भएको छ । थकाली समुदायको महान चाड तोरन्ल (फागुपूर्णिमा) को अवसरमा आयोजित उक्त अधिवेशन टोकियो हामामाचुस्थित मन्दिर रेष्टुरेन्टमा हुन लागेको हो । उक्त अधिवेशनमा हालसम्मको कार्यप्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुत गरिनुका साथै प्रतिवेदन उपर छलफल गरी पारित गरिने छ भने अधिवेशनले आगामी कार्यकालका लागि नयाँ कार्यसमिति गठन गर्ने कार्यक्रम रहेको अध्यक्ष बुद्धि गौचनले नेपाली समाचारलाई जानकारी दिनुभयो । थकाली सेवा समिति जापानले हरेक वर्ष फागुपूर्णिमाको छेको पारेर आफ्नो अधिवेशन गर्दै आईरहेको छ । फागुपूर्णिमा विशेष अधिवेशनमा स्थानीय कलाकर्मीहरूको साँगीतिक प्रस्तुती पनि रहने बताईएको छ । थकाली सेवा समिति जापानमा सबैभन्दा पुराना संघसंस्थाहरू मध्यको एक हो । फागुपूर्णिमा पर्वलाई थकाली समुदायले आफ्नो सबैभन्दा ठूलो पर्वकारूपमा हरेक वर्ष हर्षोल्लासका साथ मनाउँदै आईरहेका छन् । स्मरण रहोस्, थकाली सेवा समिति जापानका अध्यक्ष बुद्धि गौचन छैठौं पटकसम्म दोहोरिएर अध्यक्ष हुने जापानको नेपाली कम्युनिटीका एक्ला अध्यक्ष हुनुहुन्छ । उहाँको निष्ठा, त्याग, कामप्रतिको समर्पण र जिम्मेवारीप्रतिको इमान्दारिताका कारण गौचन पटक पटक अध्यक्षका लागि समाजको रोजाईमा पर्नुभएको हो ।

# टोकियोमा सोनाम ल्होछार

**नेस संवाददाता**

टोकियो - तामाङ समुदायको मौलिक तथा साँस्कृतिक महत्व बोकेको धरोहर पर्व सोनाम ल्होछार टोकियोमा हर्षोल्लासका साथ मनाईएको छ । नेपाल तामाङ समाज जापानको आयोजनामा भएको सो ल्होछार पर्वको अवसरमा शुभकामना मन्तव्य दिदै प्रमुख अतिथि जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुबेदीले पवित्र ल्होछार पर्वका दिन आफु पनि तामाङ हुन पाएकोमा गर्व लागेको बताउनुभयो । समाजका अध्यक्ष करसाङ तामाङको सभापतित्वमा भएको सोनाम ल्होछारको लामा गुरुबाट पूजापाठ सहित प्रमुख अतिथि राजदूत डा. सुबेदीले दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो भने समाजका सचिव मनिता मोक्तान तामाङको स्वागत मन्तव्य रहेको थियो ।

# जापानद्वारा विदेशीहरूमाथिको निगरानीमा कडाई

**नेस संवाददाता**

टोकियो - जापानले अवैध रूपमा बसोबास गरिरहेका आप्रवासीहरूमाथि निगरानी कडा गर्दै गएको छ । जसको असर अन्य विदेशीहरूसँगै नेपालीहरूमा पनि परेको छ । जापानी सञ्चारमाध्यमहरूले जनाएअनुसार हालै मात्र जापानको अध्यागमन नियम उल्लङ्घन गरेको आरोपमा थप पाँच नेपालीलाई स्वदेश फिर्ता पठाइएको छ । स्रोतका अनुसार निष्कासित हुनेहरूमा मगर, थापामगर, तामाङ, गौचन र चेम्जोङ थरका एक-एक जना रहेका छन् । उनीहरूलाई अध्यागमन कानून उल्लङ्घनको आरोपमा पक्राउ गरी अनुसन्धानपछि निष्कासन गरिएको हो । यद्यपि ठ्याक्कै कुन कानून उल्लङ्घन गरिएको भन्ने विवरण खुलाइएको छैन । गत तीन महिनामा मात्र जापानले १५ नेपालीलाई निष्कासन गरिसकेको छ । पछिल्लो समय जापानसहित अमेरिका, मलेसिया, क्यानडा, फ्रान्स, माल्दिभ्स, र दक्षिण कोरिया लगायतका देशहरूले विदेशी कामदारहरूमाथि निगरानी बढाउँदै लगेका छन् । जसले गर्दा बिना कागज बसेका र तोकिएकोभन्दा फरक क्षेत्रमा काम गरिरहेका नेपालीहरू प्रभावित भईरहेको बुझिएको छ । जापानमा पछिल्लो समयमा ठूलो सँख्याका स्नातक उत्तीर्ण भनिएका नेपालीहरू वर्किङ भिसामा आएका छन् । उनीहरूमा भिसा अनुसारको कामको अनुभव नहुनु, भाषिक ज्ञान नहुनु र जापानमा रोजगारीका लागि हुनुपर्ने आधारभुत क्षमता नहुनु जस्ता कारणले गर्दा तोकिएको भन्दा फरक क्षेत्रमा काम गर्नेहरूको संख्या निकै रहेको अनुमान गरिन्छ । कुनै पनि बेला अध्यागमनको निगरानीमा पर्न सकिने भएकाले समयमै आफ्नो भिसा अनुसारको सुरक्षित रोजगारीमा स्थापित हुनुपर्ने यहाँका जानकारहरूको सुझाव छ ।

# बेलायतमा नेपालीले खोले २ अर्बको सपिङ मल

**नेस संवाददाता**

टोकियो - बेलायतमा नेपाली व्यवसायीहरूको एउटा समूहले १ करोड पाउण्ड अर्थात झण्डै १ अर्ब ७५ करोड नेपाली रुपैयाँ बराबरको लगानीमा एउटा सपिङ मल खरिद गरेका छन् । पुरण गिरी, नारायण गिरी र राजकुमार गुरुङको समूहले अल्डरशर्ट टाउन सेन्टरमा उक्त सपिङ मल खरिद गरेको हो ।

बेलायतमा नेपालीहरूले यो तहको प्रिमियम लोकेशनमा सपिङ मल खरिद गरेको संभवत अहिलेसम्मकै सबैभन्दा ठूलो लगानी हो । सपिङ सेन्टरमा ५६ वटा व्यापारिक युनिटहरू, ९ तले अफिस भवन, ६ वटा फ्रि होल्ड भवन छन् । मलमा बैंक, हुलाक कार्यालय, म्याक्डोनाल्ड्स, सब वे, जे.डी. स्पोर्टस, बुड्स जिम, स्पेकसेभर लगायत ५ सय क्षमताको कार पार्किङ पनि रहेको छ । मल भित्र ४० हजार बर्ग फिटसम्मका एउटै युनिट रहेका छन् । उक्त मल नेपालीले खरिद गरेसँगै त्यस क्षेत्रमा बसोवास गर्ने नेपालीहरूका लागि रोजगारीको अवसर खुल्ने अपेक्षा गरिएको छ । स्मरणरहोस, बेलायतको अल्डरशर्ट टाउन नेपालीहरूको बाक्लो बसोवास रहेको क्षेत्र मानिन्छ । विशेष गरेर त्यहाँ नेपाली भूतपूर्व बेलायती सेनाका परिवारहरूको बाक्लो बसोबास रहेको छ । बेलायती सेनाबाट अवकाश प्राप्त गोर्खालीहरूका परिवारलाई बेलायत सरकारबाट आप्रवासनको सुबिधा पाएसँगै ९० को दशकको उत्तरार्धबाट उनीहरू बेलायतमा सपरिवार स्थायीरूपमा बस्न थालेका हुन् । भूतपूर्व गोर्खा सैनिकका परिवार स्थायीरूपमा बेलायतमै बस्न थालेयता विशेषगरी अल्डरशर्ट टाउन नेपालीहरूको रोजाईमा पर्न थालेको बेलायतबाट भूतपुर्व गोर्खा सैनिक बेलबहादुर बुढाथोकीले नेपाली समाचारलाई बताउनुभयो । अल्डरशर्ट टाउनमा नेपाली भान्सामा पाक्ने परिकारका लागि चाहिने मरमसला, थरिथरिका दाल, गुन्द्रुक, टिमुर, सिस्नोको ढुलो, कोदो-फापरको पिठो, मकैको च्याँख्ला, खैनी, सूर्ती लगायत नेपाली वियर, रम लगायतका खाद्य तथा पेय पदार्थ पाईने ग्रसरी शप, बुटिक, सुनचाँदीका गहना पसल, नेपाली खाना पाईने रेष्टुरेन्ट, ब्युटी पार्लर, रेमिट्यान्स, रियल स्टेट जस्ता पसल एवम् नेपालीहरू जमघट हुने स्थानहरू रहेका छन् ।

OUR SERVICES
• Real Estate (नेपाली फुदोउसान)
• Restaurant Business
• Halal Food Business
• Money Express
• Travel & Tour Agency
• Manpower Agency
• Education Consultant
• Visa Consultant
• Tax Accountant
• Vehicle Export & Import Agency
• Rafting / Wifi & Sim

株式会社 EVEREST TRADE
(नेपाली फुदोउसान)
सस्तो कोठा भाडामा, घर तथा रेष्टुरेन्ट खरिद बिक्रि गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला
Tel : 03-5937-0506 Fax: 03-5937-0937
• 080-9665-0800 Shiba Poudel
• 090-3085-0265 / 080-9172-2200 Poudel Bikash
• 080-4292-1619 / 080-8815-8839 Yamaguchi
• 080-2556-8115 Poudel Ishwor
Google Maps Facebook Website
〒169-0073
東京都新宿区百人町2-4-5ライオンズマンション新大久保604
Lions Mansion Shinokubo 604, Hyakunincho 2-4-5 Shinjuku, Tokyo
Tel: 03-5937-0506, 03-5937-0937 Fax: 03-5937-0937

ब्यस्तता र थकानका बीच दिनदिनै कोठामा खाना बनाउने झन्झटबाट मुक्त हुन चाहानुहुन्छ भने हामीकहाँ सुपथ मूल्यमा महिनावारी खाना खाने सुबिधा छ ।
तपाईले रोजेको मेन्युअनुसार ताजा र स्वादिष्ट खानाको ब्यवस्था गरिन्छ ।

HAMRO KHAJA GHAR
Tel: 03- 5937-3913 | Mob: 090-6095-5712
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Scan for Location

इ-पासपोर्ट प्रोसेसिङ गरिन्छ
VIBER OK!!

सम्पर्क:
080-4150-5314

दशकौंको अनुभवसहित यहाँहरूको सेवामा हाजिर छौं ।

बाबुआमा वा अरू कोही आफन्तलाई भिजिट भिसामा जापान घुम्न बोलाउन चाहानुहुन्छ भने डकुमेन्ट सपोर्टका लागि हामीलाई सम्झनुहोला।
080-4150-5314 (Viber OK)
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax: 03-5937-5314
info@gmt-intl.com

# माओवादीको ..

पृष्ठ १ को बाँकी

रूपमा भनेका हुन् । त्यसले पार्टीमा कुनै माने राख्दैन । संविधानसम्मत रूपमा हेर्नुपर्छ यसलाई । बाँकी कसले के बोल्छ भन्ने कुरा व्यक्तिगत हो । एमालेको १० औं महाधिवेशनले पनि त्यसलाई हिंसा भन्दैन । एमाले-माओवादीको एकताको दस्ताबेजले पनि त्यसो भन्दैन । म त जनयुद्धको नेतृत्व नै गरेर आएको मान्छे हुँ । यदि माओवादी जनयुद्धलाई हिंसा भन्ने हो भने २००७ सालदेखिकै सबै राजनीतिक आन्दोलनलाई हिंसा भन्नुपर्‍यो । त्यसोभए २०२८ सालमा भएको आन्दोलनलाई किन हिंसा भनिएन भन्ने प्रश्न उठ्ला । २००७, २८, ३६, ४६ सबै-सबै आन्दोलनलाई हिंसा भन्नुपर्ने होला । तर, २०५२ सालदेखि सञ्चालन भएको जनयुद्धलाई मात्रै हिंसा भन्नुचाहिँ गलत हुन्छ । त्यसकै आडमा अहिलेका परिवर्तन सम्भव भएका हुन् ।

**तपाईंसँगै मञ्च साटेर बसेका एमाले नेताहरूले माओवादी द्वन्द्वलाई हिंसा र आतंकभन्दा मनमा चिसो पस्दैन ?**

त्यो त गलत हो भनेर मैले भन्दै आएको छु । मैले पटकपटक प्रतिवाद नै गरेको छु । यहाँ आएर महासचिवले बोल्दा पनि मैले प्रतिवाद गरेको थिएँ । यो नेतृत्वको बुझाइको समस्या मात्र हो । हिजो एकता गर्दा 'जनयुद्ध' लाई स्वीकार गरेरै आइएको हो । कसैले ' जनयुद्ध' भन्छन्, कसैले युद्ध भन्छन् । त्यो मान्छेको दृष्टिकोण र बुझाइमा भर पर्ने विषय हो । पार्टीभित्र त्यो भइरहन्छ ।

**भनेपछि माओवादी जनयुद्धलाई हिंसा नभइ 'सशस्त्र सघर्ष' थियो भन्नुपर्‍यो ?**

त्यो त त्यही हो नि । जस्तो आन्दोलनमा 'बल प्रयोगको सिद्धान्त' मदन भण्डारीले आफ्नो जनताको बहुदलीय जनवाद (जबज) मा पनि राख्नुभएको थियो । कुनै पनि परिवर्तनका लागि भएका आन्दोलनहरूमा स्वाभाविक रूपमा बल प्रयोग हुन्छन् र त्यस क्रममा कोही न कोही घाइते हुनसक्छन्, कसैले सहादत प्राप्त गर्न सक्छन् । अब खाली त्यसलाई कसले कसरी बुझ्ने भन्ने कुरा हो । नेताहरूले, सांसदहरूले आ-आफ्नो तरिकाले व्याख्या गर्नुभएको होला । तर, पार्टीका आधिकारिक दस्ताबेज र निर्णय पुस्तिकाहरूमा हिंसा भन्ने शब्द प्रयोग गरिएका छैनन् ।

**भर्खरै सामाजिक सञ्जालमा बाहिरिएको तपाईंको गोप्य सम्बोधन त सत्य हो नि ?**

दुई वर्षअघि प्रदेश अधिवेशनको समयमा साथीहरू आएर 'हाम्रो स्थान के हो' भनेर मलाई सोधेपछि मैले कन्भिन्स गर्ने क्रममा बोलेको कुरा हो त्यो । एकताको निरन्तरता नै हो यो र कहिलेकाँही हामीलाई चित्त नबुझ्ने कुरा पनि नेतृत्वले गर्छ भनेर मैले भनेको थिएँ । माओवादीका विषयमा नेतृत्वले मसँगै बसेको समयमा पनि केही भन्छ र त्यसलाई फेरि सच्याउँछ भनेर सम्झाएको थिएँ । हामीले अर्को पार्टी बनाउनेको पनि हविगत देखिसकेका छौं । कि त राजनीतिबाट सन्न्यास लिनुपर्‍यो । होइन भने हाम्रो भविष्य एमालेमै छ भनेको हुँ । त्यो कसैले रेकर्ड गरेको रहेछ । अहिले एमालेलाई कमजोर बनाउनका लागि त्यो बाहिर ल्याइएको हो ।



**अनि केपी ओलीसँग जुध्न सकिन्न भन्नुको अर्थचाहिँ के हो ?**

अहिले हामीले जे माग्यो, त्यो सबै पाइँदैन भनेको हुँ । अहिले नेतृत्वलाई हाम्रो विषयमा सबै कुरा बुझाउन पनि सकिन्न भनेको हुँ । भोलि काम र व्यवहारले बुझाउने हो भन्ने आशय मेरो थियो ।

**एमालेभित्र पूर्वमाओवादी नेताहरूलाई उकुसमुकुस भएको हो ?**

अहिले त्यस्तो अवस्था छैन ।

**तर तपाईले एमाले छाड्न लाग्नुभयो भन्ने चर्चा हुन थालेको छ नि !**

यो माओवादीबाटै हल्ला सुरू भएको हो । यहाँ एक जना रूपेश भन्ने हुनुहुन्छ । पहिला माओवादीबाटै आएको मान्छे हो, उहाँलाई के चित्त बुझेन ४६ जनाले पार्टी छाडेको भन्ने चर्चा गरे । अरूले त्यसको खण्डन पनि गरिसकेका छन् । त्यसमा माओवादीको केही स्थानीय नेताहरूले मलाई पनि जोडेर चर्चा गरेका हुन् । त्यो गैरराजनीतिक कुरा हो । जब मान्छेले विचारले परास्त गर्न सक्दैन, भ्रम सिर्जना गर्ने हुन् । अन्तरविरोध र शंका सिर्जना गर्न सकिन्छ कि भनेर ममाथि प्रहार भइरहेको छ । जस्तो टोपबहादुरजीलाई पूर्वाग्राही भएर भित्र हाले, उहाँ कहीँ जोडिएको त देखिन्न । त्यो अहिले अदालतको प्रक्रियामा छ, हामीले बोल्ने कुरा भएन । त्यो कुरा हाम्रो नेतृत्वले पनि बुझेको छ । त्यही भएर हामी ढुक्क भएर बसेका छौं । माओवादीबाट आएका बाँकी अब ममात्रै हुँ । ममाथि विभिन्न खालको प्रहार भइरहेका छन्, उनीहरूले कसरी अन्तरविरोध र अविश्वास पैदा गर्ने भन्ने कुराबाट यी अहिले चर्चा भइरहेको विषय हो ।

**एमालेभित्रको अन्तरविरोधलाई भुसको आगोजस्तो भनिन्छ नि ?**

एमाले एउटा यस्तो पार्टी हो, जहाँ नीति र नेतृत्वको प्रश्नमा कुनै मतभेद छैन । हामी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नेपाली समाजको क्रान्तिकारी रूपान्तरणका लागि क्रियाशील छौं । पार्टी अध्यक्षज्यूप्रति समस्त पार्टी पंतिको उच्च सम्मान र भरोसा छ । हाम्रो पार्टीले उपलब्धि र चुनौतीका जे-जस्ता शृङ्खला पार गर्दै आजको यो ठाँउसम्म आइपुगेको छ । हो, पार्टीभित्र परिस्थिति वा घटना विशेषमा आधारित भएर असहमति वा अन्तरविरोधहरू देखा पर्न सक्तछन् तर हामीले तीनलाई तत्क्षण त्यही ठाउँमा समाधान गर्दै पार्टीको आन्तरिक एकतालाई अक्षुण्ण राख्छौं र पार्टीलाई एकताबद्ध बनाएर अघि बढाउँछौं । अब हुने नेकपा एमालेको एघारौं राष्ट्रिय महाधिवेशन नीति र नेतृत्व दुबै प्रश्नमा पूर्ण सहमतिका साथ सम्पन्न हुनेमा हामी विश्वस्त छौं ।

**अन्त्यमा, भीम रावलको बहिर्गमनमा तपाईंको पनि भूमिका छ भन्छन् नि ?**

मेरो भूमिका हुने कुरै भएन । त्यो उहाँको कार्यशैली, चिन्तन र प्रवृत्ति हो । मसँग जोडिएको विषय नै होइन त्यो । मूल नेतृत्वसँगै मतभेद भएको हो । पार्टीका विधि र पद्धतिलाई उहाँले मान्नुभएन । उहाँ अराजकतातर्फ लाग्नुभयो । उहाँ के हो भन्ने विषय त उहाँकै पत्रकार सम्मेलनमा पनि देखियो नि । पूर्व गएर पनि उहाँले २०४७ सालको संविधानको कुरा गर्नुभएको छ । त्यसैले मैले उहाँका बारेमा धेरै टिप्पणी गर्नु आवश्यक नै छैन ।

# चामल अभावको..

पृष्ठ १ को बाँकी

सप्लायर्स कम्पनीले लिएको हो ।

उक्त चामलको जस्तै दाना भएको गहुँको बारेमा संस्थापक प्रवर्द्धक थापा भन्छन् - 'यो प्रडक्ट मूल्यका हिसाबले चामलभन्दा झण्डै ३० देखि ५० प्रतिशतसम्म सस्तोमा पाईन्छ भने पकाउँदा बढेर तेब्बर हुन्छ । स्वास्थ्यका लागि त झन ज्यादै राम्रो छ । खासगरी ४०, ४५ वर्ष भन्दा माथि उमेर भएकाहरूले चामलको सेतो भात खानुभन्दा यो खानु धेरै हितकर छ । यसैगरी सुगरका बिरामीहरूका लागि त झन यो संजीवनी बराबर नै हुने छ । यसमा चामल मिसाएर वा यो मात्रै पकाएर पनि खान सकिन्छ । दैनिक बिहान बेलुका भात नै खानुपर्ने बानी भएको हामी नेपालीहरूमा अन्यको तुलनामा युवा अवस्थामै सुगरका बिरामीहरू बढि देखिने गरेको पाईएको छ । त्यसैले हामीले अब खानपानको सँस्कारमा पनि थोरै परिवर्तन ल्याउनुपर्ने देखिन्छ । एकातिर चामलको अभावमा विकल्प हुने छ भने अर्कोतिर मूल्यका हिसाबले पनि सस्तो र सुलभ उपलब्ध हुने यो दैनिक उपभोग्य स्वास्थ्यकर उत्पादन नै किन प्रयोग गरेर नहेर्ने भन्ने आशयले हामीले नेपाली बजारका लागि आधिकारिक वितरकको जिम्मेवारी लिएका हौं । पुस्तौदेखि भात नै खाने बानी लागेका नेपालीलाई तुरून्तै बानी पार्न नसकिएता पनि स्वास्थ्यवर्द्धक भोजनकारूपमा बिस्तारै बानी पार्दै जानुपर्ने देखिन्छ ।'

सन् २००४ को फेब्रुअरीमा भाषा विद्यार्थीकारूपमा जापान आएका थापाको जापान-संघर्षको नालीबेली पनि लामै छ । सुरूको २ वर्षे भाषा कोर्स नसकिदैं उनी सिधै जागीरे जीवनमा प्रवेश गर्दछन् । कमर्शमा स्नातक गरेका थापा मास्टर्स पढ्दा पढ्दै जापान हानिएका थिए । त्यतिबेलासम्म नेपालको स्नातक उत्तीर्णले पनि रोजगारी (वर्किङ) भिसा पाईन्छ भन्ने धेरैलाई थाहा थिएन । उनले काम गर्ने डिजाइन प्रिन्टिङ सम्बन्धि कम्पनीमा काम गर्दै जाँदा उनी ब्राञ्च म्यानेजर सम्मको जिम्मेवारीमा पुगेका थिए । त्यहाँ सिकेको सीप र कन्फिडेन्सलाई उपयोग गर्दै सन् २००९ को अप्रिलदेखि उनले आफै कम्पनी खोलेर डिजाइन र प्रिन्टिङ सम्बन्धि काम गर्न थाले । डिजाइन तथा प्रिन्टिङ सम्बन्धि काम गर्दै जाँदा उनले जापानमा खुलेका सयौं नेपाली तथा इण्डियन रेष्टुरेन्टहरूको मेन्यू, चिरासी (फ्लायर्स), साइनबोर्ड, भिजिटिङ कार्ड, पोइन्ट कार्ड, पोष्टर




आदि बनाएको अनुभव बटुलेका छन् । लामो अनुभवका आधारमा थापा अगाडि भन्छन - 'नेपालीहरू करोडौं लगानी गरेर रेष्टुरेन्ट व्यवसाय सुरू गर्नुहुन्छ, तर १ हप्ता अगाडि मात्र मेन्यू बनाउन आउनुहुन्छ, मेन्यू राम्रो बनाउनुपर्छ, व्यवसायको मेरूदण्ड भनेको मेन्यू हो भन्ने चेतना अझै हामी नेपालीहरूमा पर्याप्त छैन । ठूलो धनराशी लगानी गरेर व्यवसाय सुरू गर्नुहुन्छ तर मेन्यूमा थोरै मात्र खर्च गर्न पनि ज्यादै गाह्रो मान्नुहुन्छ । अर्कोतिर खानाको फोटो खिचाउने सँस्कार अझै बसेको छैन, इन्टर्नेटमा खोजखन्तर गरेका फोटाले काम चलाउने प्रवृत्ति अझै देखिन्छ । यसो गर्नु सरासर गैरकानूनी हो, यसो गर्दा कुनै पनि बेला कानूनी झमेलामा पर्न सकिन्छ भन्ने हेक्का राख्नु जरूरी छ ।'

मेन्यू कस्तो हुनुपर्छ र मेन्यू बनाउँदा ध्यान दिनैपर्ने कुराहरूका बारेमा पनि थापाको आफ्नै मान्यता यस्तो छ - 'यदि जापानीहरू लक्षित रेष्टुरेन्ट हो भने उनीहरू खाना खानका लागि मात्रै नभएर रेष्टुरेन्टभित्रको साजसज्जा, वातावरण र नयाँपन हेरेर, कुरा गरेर आनन्द लिन मन पराउँछन् । त्यसकारण मेन्यूमा राखिएका खानाको हरेक परिकारको बारेमा प्रष्ट बुझिनेगरी (सेचुमे) विवरण उल्लेख हुनुपर्दछ । कुन खानाको विशेषता के हो, कुन खानाले कुन जाति सम्प्रदाय वा भूगोललाई प्रतिनिधित्व गर्छ वा कुन खाना कुन समय विशेषमा खाईन्छ अर्थात घरमै पकाएर खान संभव छ कि छैन जस्ता जानकारी पनि दिन सके अझै राम्रो हौ । यसैगरी मेन्यूमा हेर्दै खाउँ खाउँ लाग्ने खानाको फोटो हुनु अनिवार्य छ । नेपालीपन झल्किनेगरी डिजाइन गरिनुका साथै संभव भएसम्म मेन्यू नेपाली कागजमै प्रिन्ट गर्न सके अझै राम्रो हुनसक्छ । आकर्षक साजसज्जा, सुमधुर नेपाली धुन, नेपालमै गएजस्तो भान पर्ने गराउन चट्ट नेपाली पोशाकमा सजिएका फुर्तिला स्टाफ, मिजासिलो व्यवहार भयो भने जापानी ग्राहकहरू लोभिन सक्छन् ।' जापानमा भएका नेपालीहरूद्वारा सञ्चालित नेपाली-इण्डियन रेष्टुरेन्टका मेन्यू बनाउने सन्दर्भमा समयसापेक्ष आमुल परिवर्तन ल्याउनुमा आफ्नो महत्वपूर्ण भूमिका रहेको थापाको दावी छ ।

जापानमा फुड सप्लायर्स, रियल स्टेट, स्टक मार्केट, मानव संशाधन लगायतका व्यवसायमा हात हालेका थापा मार्केटिङ र सेल्समा पनि उत्तिकै दखल राख्छन् । उनी भन्छन् - 'नेपालीहरू जापानमा अन्य व्यवसायभन्दा अधिकाँश रेष्टुरेन्ट ब्यवसायमा आबद्ध हुनुको पछाडि जोखिम मोल्न सक्ने क्षमताको अभाव र अन्य व्यवसाय गर्ने कन्फिडेन्सको अभाव हो जस्तो लाग्छ । जापानका प्रतिष्ठित विश्वविद्यालयबाट विद्यावारिधी तथा उच्च शिक्षा हासिल गरेका पनि नानकरीको रेष्टुरेन्ट विजनेश, आइटी एक्सपर्ट पनि नानकरीको रेष्टुरेन्ट विजनेश, जापानी पासपोर्ट लिएका र एइज्युकेन भएकाहरू पनि नानकरीको रेष्टुरेन्ट विजनेश अंगाल्ने गरेको यथार्थ हामीकहाँ जगजाहेर छ । त्यसैले के भन्न सकिन्छ भने नेपालीहरू नयाँ व्यवसायिक क्षेत्रको जोखिम लिन अझै तयार देखिदैनन् ।'

जापानको नेपाली समुदायका व्यवसायिक गतिविधि र उनीहरूको अवस्था नजिकबाट नियाल्दै आएका थापा जापानमा नेपाली रेष्टुरेन्ट व्यवसायको वर्तमान स्थिति बारे यसो भन्छन् - 'रेष्टुरेन्ट व्यवसायीहरूमा सीमितको अवस्था मात्र कन्फिडेन्सको लेभल बढेको र लोभलाग्दो सफलताको उचाई हासिल गर्दै गईरहेको देखिन्छ । उनीहरू सेफ जोनमा देखिन्छन् भने अधिकाँशको अवस्था निर्वाहमुखी मात्र रहेको देखिन्छ, उनीहरू अगाडि बढ्न पनि चुनौती देख्छन् र पछाडि सर्न पनि नसक्ने सेफल्याण्डिङ्को अवस्थामा छन् । यसैगरी कोरोनाको कहरपछि धेरैको अवस्था धाराशयी अर्थात डेञ्जर जोनमा पुगेको देखिन्छ । किनभने पछिल्लो समयमा जापानले ट्याक्स सिष्टममा कडा नीति अवलम्वन गरेकोले पनि उनीहरू थप संकटमा परेको हुनुपर्दछ ।'

रेष्टुरेन्ट व्यवसाय गर्दा सबैभन्दा ध्यान दिनुपर्नेमा लोकेशन, खाना (प्रोडक्ट), ब्राण्डिङ, मार्केटिङ, सर्भिस मध्य पहिलो प्राथमिकतामा मार्केटिङ हुनुपर्छ भन्ने थापाको जिकिर छ । किनभने आफ्नो प्रोडक्ट वा सेवालाई प्रभावकारी




बजारिकरण नगरी सेवाग्राही बढाउन संभव छैन ।

जापानले आफुलाई लोभ्याउनुको कारण बारे पुराना दिन खोतल्दै थापा अगाडि भन्छन् - 'नेपालमा छँदा जतिबेला म पाटनको औद्योगिक क्षेत्रमा काम गर्थे त्यतिबेला नेपाल गएका जापानीहरू आक्कल-झुक्कल बाटामा भेटिन्थे, स-साना कुरामा पनि उनीहरू घरिघरि शिर झुकाएर आदरभाव प्रकट गर्दथे, उनीहरूले देखाएको नम्रता, आदरभाव र विनयशिलताले मलाई भित्रैसम्म छोयो । संसारकै दोस्रो-तेस्रो वैभवशाली र समृद्ध राष्ट्र जापानका नागरिक हामीजस्तो सानो तथा गरिव मुलुकका नागरिकसंग किन यसरी पटक पटक झुकेका होलान् जस्तो लाग्थ्यो । फलेको बृक्ष निहुरन्छ भनेझैं जापानको यो सँस्कृतिले नै मलाई लोभ्याएको हो, जसले गर्दा म जापान आएको हुँ ।'

जापानले के सिकायो भन्ने जिज्ञासामा थापा अगाडि भन्छन् -'जापानले धेरैथोक सिकायो, सबैभन्दा बढि त समयको महत्व र यसको पालना गर्न सिकायो, दैनिक जीवनमा परिष्कृत हुँदै जान सिकायो, जीवनमा सपना देख्न सिकायो भने आफुलाई तल राखेर अरूप्रति सँधै उच्च आदरभाव राख्न सिकायो, बिना काममा समय र पैसा मात्रै होइन कुनै पनि जिनिस खेर जान दिनुहुँदैन भन्ने सिकायो । जसले गर्दा जीवनमा अगाडि बढ्न धेरै मदत पुगेको छ ।'

सन् २०१५ को अप्रिलमा नेपालमा गएको महाभूकम्पबाट पीडितहरूको राहत सहयोगका लागि थापाकै पहलमा जापानभरिकै सेभेन इलेवेन (कन्भिनियन्स) स्टोरहरूमा चन्दा बाकस राख्न संभव भएको थियो र जहाँ करिव १८ करोड रूपैयाँभन्दा बढि रकम संकलन भएको थियो भने युनिक्लुबाट १ करोड २० लाखभन्दा बढि चन्दा रकम संकलन भएको थियो । जुन रकम नेपाली राजदूतावास मार्फत नेपाल पठाईएको थियो । जसका कारण थापाको नाम त्यतिबेला निकै चर्चामा थियो । कसैले नगरेको नयाँ नयाँ र चुनौतीपूर्ण काम गर्न रूचाउने स्वभावका थापाको अबको सपना भनेको स्टक मार्केटमा दबदबा हुनेगरी स्थापित हुने र १० हजारभन्दा बढि नेपालीलाई उद्यमी बनाउने रहेको छ ।

(कुराकानीमा आधारित प्रस्तोता - तिलक मल्ल)

# ७० वर्षसम्म पनि सहनाइँ कै साथ

❑ नेस संवाददाता

गुल्मी – पुसको सिरेठोबिच घाम झुल्किदै थियो । गाउँमा ठूलै कार्यक्रम भएकाले छत्र देवालय मन्दिर परिसर एकाबिहानै मान्छेले खचाखच भरिएको थियो । कार्यक्रमका सहभागीलाई स्वागत गर्न नौमती बाजाको समेत व्यवस्था गरिएको थियो । नौमती बाजा बजाउनेको टोलीमा ७० वर्षीय धनबहादुर दमै पनि हुनुहुन्थ्यो ।



उमेरले पाको, झुप्प सेतो दारी । समूहमा उहाँको अलग्गै पहिचान छ । जब उहाँले सहनाइँ फुक्न थाल्नुभयो । घामको तापमा सहनाइँको रापले मान्छे उहाँतिरै खनिए । चिसोले उमेरकै मान्छेका समेत औला कठ्याङग्रिएका थिए तर धनबहादुरका औलाले सहनाइँका प्वाल बिराउँथेनन् ।

नौमती बाजामध्येको अप्ठयारो बाजा हो सहनाइँ । जसलाई धनबहादुरले उमेरमा सजिलै फुक्नुहुन्थ्यो । ११ वर्षदेखि बाउबाजेसँग सहनाइँ फुक्न थाल्नुभएका धनबहादुरले बैंसमा दिनरात सहनाइँ फुक्नुहुन्थ्यो । '२४ घण्टा सहनाइँ फुक्दा अप्ठयारो भएन । जे गर्न पनि बैस/उमेर चाहिने रहेछ,' उहाँले भन्नुभयो, 'अहिले रहर मात्रै हो सास पुग्दैन, विकल्पमा कोही छैनन् ।'

गुल्मीको छत्रकोट गाउँपालिका–३ हर्दिनेटाका ७० वर्षीय धनबहादुर दमैका चार छोरा र तीन छोरी छन् । उहाँले गाउँमा विवाह, व्रतबन्ध र शुभकार्यमा अहिले पनि सहनाइँ बजाउँदै आउनुभएको छ । यसबाहेक घरमै लुगा सिलाएर जीविकोपार्जन गरिरहनु भएको छ । केहि समय अघिसम्म अन्नबालीमा वर्षभरी कपडा सिलाउन पर्थ्यो । तर, अहिले धेरैजनाले नगदमै सिलाउने गरी कपडा लिएर आउने गरेको बताउनुभायो ।

वर्षैभर बाजा बजाएर मात्रै जिविकोपार्जन नहुने भएपछि युवा अन्य पेसामा संलग्न हुन थालेका छन् । इस्मा गाउँपालिका–४ का युवा लक्ष्मण परियार गुल्मी पश्चिममा अब्बल सहनाइँ बादक हुन् । उहाँले नियमित रूपमा सहनाइँ बनाउँनुहुन्छ । गाउँमै बाजा बजाउने व्यवसायिक समूह थियो । समयसँगै बाजा र मान्छे हराए । उहाँले भन्नुभयो स्थानीय सरकारको सहयोगमा नौमती बाजा जोगाउन उद्देश्यले बल्लतल्ल समूह बनाएका छन् ।

तर, बाजा बजाएर मात्रै ज्यान पाल्न नसक्ने भएपछि टिकाउन चुनौती रहेको परियारले बताउनुभायो । 'महिनामा दुई–तीन पटक बजाउन हिडेर पुग्दैन । सबैले साउण्ड सिस्टम मन पराउन थाले,' उहाँले भन्नुभायो, 'सबैलाई परदेशमोह भएकाले रोक्न सकिदैन ।' स्थानीय सरकारले गाउँमा नौमती बाजा संरक्षणको लागि पहल गरिरहेको छ । तर, उनीहरूको व्यवसायिकता जोगाउने कुनै योजना छैनन् ।

# बालबालिकालाई दुना-टपरी बनाउन सिकाउँदै ज्येष्ठ नागरिक



❑ नेस संवाददाता

काठमाडौं – स्याङ्जाको फेदीखोला गाउँपालिका–१ का ज्येष्ठ नागरिकले अमोर सेवा बालगृहमा रहेका बालबालिकालाई आफूमा भएको सीप तथा अनुभव हस्तान्तरण गरेका छन् । सामाजिक विकास कार्यालयको सहयोगमा बालगृहमा रहेका ३८ बालबालिकालाई आफ्नो मौलिक परम्परागत सीप र ज्ञान हस्तान्तरण गर्ने उद्देश्यले दुनाटपरी, बाती काट्ने, बाँसबाट बुनिने डोका तथा डस्टविन बनाउने तालिमको आयोजना गरिएको कार्यालयका प्रमुख जीवन पौडेलले जानकारी दिनुभयो ।

'प्राय:जसो शैक्षिक गतिविधिमा संलग्न रहने बालगृहका बालबालिका पुस १४ र १५ गते दुई दिन फरक दृश्यमा देखिए,' उनले भने, 'ज्येष्ठ नागरिक आफूले जानेका सीप तथा अनुभव नयाँ पुस्तालाई सिकाउँदै हुनुहुन्थ्यो भने नयाँ पुस्ता अझै उत्साहित भई सीप सिक्न दत्तचित्त भएर लागेको देखिन्थ्यो ।'

उक्त अवसरमा बालगृहमा अध्ययनरत बालबालिका दुना-टपरी बुन्न, ज्योति बाल्न प्रयोग हुने बाती बनाउन, डोको, नाम्लो बुन्ने कार्यमा संलग्न भएका थिए । ज्येष्ठ नागरिकमा विभिन्न क्षेत्रको अनुभव र सीप रहेकाले त्यसलाई पुस्तान्तरण गर्न सामाजिक विकास कार्यालयले पुलको काम गरेको उहाँले बताउनुभायो ।

बालबालिकालाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक र प्रयोगात्मक ज्ञानले भोलिका दिनमा परम्पराको संरक्षणसँगै सीप पुस्तान्तरणमा पनि टेवा पुग्ने बालगृहकी सञ्चालिका कमला पराजुलीले बताइन् । 'बालगृहमा रहेका बालबालिका हरेक क्षेत्रमा सक्षम रहेको र छोटो समयमै विभिन्न सीप सिक्न सफल भएका छन्,' पराजुलीले भन्नुभयो, 'बालबालिकाले सिकेका सीपलाई निरन्तरता दिँदै भोलिका दिनमा सीपको उपलब्धिका कारण रोजगारी सृजना हुनेछ ।'

# क्षमताको पहिचान गर्न राजेश हमालको सुझाव

❑ नेस संवाददाता

काठमाडौं – कलाकार राजेश हमालले आफ्नो क्षमता पहिचान गरेर अघि बढ्न युवालाई सुझाव दिनुभएको छ । सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा हमालले जीवन सहज नभएको तर कहिलेकाँही आउने सहजतालाई उपभोग गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

'आफ्नो क्षमताको पहिचान गरेर त्यसलाई विकास गर्न सक्नुभयो र माथिल्लो स्तरमा पु¥याउन सक्नुभयो भने त्यसले कुनै पनि क्षेत्रमा तपाईंले योगदान दिन सक्नुहुन्छ । कुनै पनि क्षेत्रले तपाईलाई प्रतिफल दिनसक्छ । तर यो सहज छैन । त्यसका लागि मेहनत गर्नुपर्छ । कुनै पनि कुरा गर्दा मेहनत नगरी सम्भव हुँदैन,' उहाँले भन्नुभयो । गर्न सक्छु भन्ने आत्मविश्वास भए जीवनमा सफलता हात पर्ने पनि उहाँको भनाइ छ । 'क्षमता र अवसर पाए म गर्नसक्छु भन्ने आत्मविश्वास छ भने तपाई आफै उदाहरण बन्नुहुनेछ । यहाँहरू भोलि कुनै पनि क्षेत्रमा संलग्न हुन चाहानुहुन्छ भने आत्मविश्वासका साथ लाग्नुस् ।

EVEREST INTERNATIONAL SCHOOL, JAPAN
Arakawa Campus
3歳から高校まですべての授業を英語にて! A complete English Medium School !
ADMISSION OPEN
FOR ACADEMIC YEAR 2025/2026
KINDERGARTEN FREE ADMISSION
Tuition fee 50% discount until you receive the government subsidy
50% Discount in admission fee for Grade I-V
KEY FEATURES
☑ Peaceful environment
☑ Recreational center
☑ Indoor playground
☑ Well-experienced teachers
☑ Transportation facilities
☑ Subsidy available from the Government of Japan
☑ Free shuttle bus service from the Nearby Station





EVEREST INTERNATIONAL SCHOOL, JAPAN
「エベレスト・キッズインターナショナル」保育園 Address: Arakawa 8-22-3, Arakawa-Ku, Tokyo, 116-0002 Japan
町屋駅 Machiya Station [*Keisei Line, *Toden Arakawa Line (Tokyo Sakura Tram), *Chiyoda Line]
03-5335-7379, 080-7642-2552 | eisj.info@gmail.com | www.eisj-edu.com
APPROVED BY MEXT
CAMBRIDGE International Education
Cambridge International School

Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka